# नरैनापुर गाउँपालिकाबाट जारी
## विज्ञप्ति

मिति २०८१ भदौ १६ गते यस नरैनापुर गाउँपालिका वडा नं. ३ को गेगलीमा ४ जना बिरामीको मृत्यु सम्बन्धमा विभिन्न सञ्चार माध्यमहरुमा आएको समाचार सम्बन्धमा यो विज्ञसी जारी गरिएको छ ।




चित्र नं. १: घटनाक्रमको समयरेखा

माथि चित्रमा देखाईएको घटनाक्रम देहाय बमोजिमको प्रकरणमा खुलाईएको छ।

**प्रकरण नं. १:** मिति २०८१।०५।११ गते वर्ष ३८ को उषा पासीलाई बान्ता र पखाला भई नरैनापुर स्थित प्राइभेट क्लिनिकमा उपचार गराई घर लगिएकोमा भोलिपल्ट भदौ १२ गते पुनः पेट दुखि उपचारको लागि भारतको भिन्गा लैजाने क्रममा बाटोमा मृत्यु भएको

स्रोत : मृतकको श्रीमान छोटेलाल भनिने हरिराम पासी

**प्रकरण नं. २:** मृतक मध्येका अर्का वर्ष १० का युसुप अलि शेषलाई ज्वरो आउने, जोर्नी दुखे, शरीर दुखे, टाउको दुखे, तल्लो खुट्टा नचल्ने समस्या भएकोमा भारतको भिन्गामा उपचार गराई घर फर्केकोमा भाद्र १२ गते दिउँसो १२ बजे मृत्यु भएको ।

स्रोत : मृतकको आमा बानो शेषाईन

**प्रकरण नं. ३:** बुहारी उषा पासीको मृत्यु भएको खबर सुनी आएकी भारतको भंगाहा बसोबास गर्ने वर्ष ६५ की शान्ति पासीलाई भाद्र १३ गते राती देखि बान्ता भई उपचारका लागि घोरदौरियाबाट मेडिकल व्यवसायी घरमा बोलाई उपचार गराईएकोमा भाद्र १४ गते साँझ ५ बजे मृत्यु भएको ।

स्रोत : मृतकको देवर श्यामलाल पासी

**प्रकरण नं. ४:** १२ महिनाकी नन्दनी पासीको घाँटी, पेट लगायतका शरीरका विभिन्न अंगमा पहिला देखि नै घाउ, खटिरा भई घरेलु उपचार गराईरहेको र हाल झाडापखाला समेत भईरहेकोमा उपचारका लागि घोरदौरिया लैजाने क्रममा भाद्र १६ गते दिउँसो २ बजे मृत्यु भएको ।

स्रोत : मृतकको हजुरबुवा श्यामलाल पासी र बुवा बिहारी पासी

प्रकरण नं. ५: मृतकहरुको परिवार सम्बन्धमा ।




चित्र नं. २ : घर/परिवारको जानकारी ।

यसरी चित्र नं. २ मा देखाईए बमोजिम ४ वटै मृतकहरु फरक फरक घरको रहेको देखिन्छ ।

यस गाउँपालिकाको स्वास्थ्य शाखा लगायत स्वास्थ्य संस्थाहरुमा भाद्र १६ गते वेलुकी ६ वजे पश्चात मात्र मृतकहरु बारे फोन गरी जानकारी गराईएको हो । जानकारी पाए लगत्तै स्वास्थ्य संस्थाबाट ८ जनाको टोली औषधि सहित मृतक परिवारको घरमा पुग्दा वर्ष ८ को रजनी पासी र वर्ष ५ को रितेश पासी विरामी भएको अवस्थामा भेटी उपचार गर्दा उपचार पश्चात रजनी पासी सामान्य अवस्थामा आएको र अर्का विरामी रितेश पासीलाई थप उपचारका लागि भेरी अस्पताल नेपालगञ्ज पठाईएकोमा हाल निजको अवस्था पनि सामान्य रहेको छ । सम्भावित जोखिमलाई मध्य नजर गरी गेगली गाउँमा भदौ १७ गते बिहान ७ बजेदेखि नै स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवा प्रदान गर्नुका साथै विगतदेखि नै २४ सै घण्टा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई आवश्यक औषधि लगायतका जनशक्ति थप उपलब्ध गराई नियमित रुपमा सेवा प्रवाह गर्नुका साथै दुई वटा एम्बुलेन्स र पालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई तयारी अवस्थामा रही सेवा प्रदान गर्न निर्देशन दिईएको र प्रभावित भनिएको स्थानको अवस्था हाल सामान्य रहेको छ । फरक फरक सञ्चार माध्यमहरुमा आएका फरक फरक समाचारहरु प्रति यस गाउँपालिकाको ध्यानाकर्षण भई सो सम्बन्धमा भएको सत्य तथ्य बेहोरा सम्बन्धित परिवारले दिएको जानकारी, स्वास्थ्य कार्यालय बाँकेको प्रतिवेदन, घटनास्थलको अवस्था तथा पटक पटक गरिएको स्थलगत अध्ययन तथा सम्बन्धित क्षेत्रमा खटिनुभएका स्वास्थ्यकर्मीहरुले दिएको बयान समेत का आधारमा तयार गरी यो विज्ञप्ति सम्बन्धित सबैको जानकारीका लागि जारी गरीएको छ।

मितिः- वि.सं.२०८१।०५।१८ गते
ने.सं. ११४४ गुंलागाः १५, मंगलवार
समय: साँझ ६:३० बजे

प्रमुख प्रशासकीय अधिकृत श्री जनकलाल चौधरी

सूचना अधिकारी श्री लक्ष्मी कान्त मिश्रा

स्वास्थ्य शाखा प्रमुख श्री नागेन्द्र कुमार शाह

कालाफाटा स्वास्थ्य चौकी प्रमुख श्री मोहम्मद तैयव राईन

लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख श्री नविन बुढाक्षेत्री

कटकुइया स्वास्थ्य चौकी प्रमुख करम बहादुर चौधरी

हेल्थ हसिस्टेन्ट श्री अनिल कुमार यादव